# नेपालमा सामुदायिक वन वर्तमान सवाल र भावी रणनीति

■ **हेमन्त ओझा**

नेपालको प्राकृतिक स्रोत व्यवस्थापनमा सामुदायिक वन (सा.व.) एउटा नयाँ अवधारणामा आधारित कार्यक्रम हो जसमा स्थानीय समुदायको वन स्रोत माथि पूर्ण अधिकार/पहुँच स्थापित गर्ने नीति छ। यो कार्यक्रमको नीति विगत तीन दशकदेखि नेपालको परिवर्तित राजनैतिक, आर्थिक र पारिस्थिकीय सन्दर्भबाट उदय भएर बिस्तार हुँदै आएको देखिन्छ। यो लेखमा सामुदयिक वनको उत्पत्तिदेखि वर्तमान स्थितिसम्म आइपुग्दाको अवस्था र जनताको जीविकोपार्जनमा कसरी अझै राम्रो प्रभाव पार्न सकिन्छ भन्ने कुरालाई विश्लेषण गर्ने प्रयास गरिएको छ।

२००७ सालभन्दा पहिले नेपालमा १०४ वर्षसम्म राणाहरुको एकतन्त्रिय शासन थियो। देशभरि राजनीतिक र आर्थिक नियन्त्रण जमाई राख्न उनीहरुले आफूप्रति वफादार व्यक्तिहरुलाई विर्ता स्वरुप जङ्गलका स-साना टुक्राहरु वितरण गरेका थिए। अर्को तर्फ राजनैतिक अधिकार र प्रजातन्त्रको लागि राणा शासन विरुद्ध प्रयासरत जनताको सँघर्षले अन्ततः २००७ सालमा आएर बहुदलिय प्रजातन्त्र प्रणालीको उदय भयो। तत् पश्चात् २०१३ साल देखि नेपालमा योजनाबद्ध विकास र वैदेशिक सहायताको थालनी भयो।

## वन विकासको सुरुआत

२००७ सालको प्रजातन्त्र स्थापना पश्चात् प्राकृतिक स्रोतको परिचालन गरी राज्यको विकास गर्ने नयाँ अवधारणा अनुरुप राणाहरुको पालामा वितरण गरिएका विर्ता लगायत सबै नीजि वनलाई राष्ट्रियकरण गर्ने नीति अवलम्बन गरियो। यो राष्ट्रियकरणको नीति स्रोतको दिगो उपयोगको साथै न्यायोचित वितरण होस् भन्ने हिसाबले गरिए पनि विर्तावालहरुको (विर्ता स्वरुप पाएको आफ्नो) नीजि वन/जग्गा खोसिन पुग्यो। विर्तावालहरुमा स्थानीय टाठाबाठाहरु नै थिए। आफूले मोज मस्ती गर्दै आएको जग्गा खोसिएकोमा उनीहरुले ठूलो मात्रामा वन फडानी गररे तत्कालिन सरकारसँग बदला लिए। त्यतिबेलाको सरकारको कमजोर संस्थागत संयन्त्र (वन विभागको स्थापना पनि भर्खर भएको बेला) का कारण उनीहरुका क्रियाकलापहरु नियन्त्रण हुन सकेनन्। त्यतिबेला कृषि जग्गा सुरक्षित भएकोले नीजि वन/जग्गा व्यापक रुपमा फडानी गरी कृषि जग्गामा परिणत भए। यो नीतिले एकातिर वन स्रोतको अस्थिर प्रयोग हुन थाल्यो भने अर्को तर्फ सर्वधारण जनताहरुलाई वन पैदावार प्राप्त गर्न अवरोध उत्पन्न हुन गयो। वि.सं. २०२१ मा सुरु गरिएको नापी सर्वेक्षण अन्तर्गत सरकारले जग्गा नापी कार्यमा रूखहरू भएको जग्गालाई दर्ता गर्न अस्वीकृत गरेपछि आफ्नो अधिनमा रहेका सबै नीजि वन क्षेत्र वा जग्गालाई कृषि भूमिमा दर्ता गराउन भएका सबै रूखहरू विभिन्न उपायहरुद्धारा पूर्ण रुपमा काटिए। फलरुवरुप वन विनाश अत्यन्त छिटो हुन गयो। यही परिस्थितिलाई मध्यनजर राख्दै सरकारले विशेष वन संरक्षण ऐन २०२४ लागू गऱ्यो जसले वनलाई कसरी संरक्षण गर्ने भन्नेमा भन्दा फडानी गर्नेलाई कडा दण्ड दिनु पर्ने कुरामा जोड दियो।

## वन विनाश र दाताहरूको चासो

वि.सं. २०३६ सम्म पनि वन विनाशको क्रम बढिरहेकै बेला विश्व समूदायमा परिस्थिकिय संवादको रुपमा यो विनाशको क्रम "हिमालयन सङ्कट" भनेर चर्चामा आयो। यस संवादले अन्तर्राष्ट्रिय दाता समुदाय विशेष गरी विश्व बैङ्क र खाद्य कृषि सङ्गठनको ध्यानाकर्षण भयो र पछि दुईपक्षिय विदेशी विकास एजेन्सीहरू जस्तै जर्मनीको जि.टि.जेड., बेलायतको अर्न्तराष्ट्रिय विकास विभाग, अष्ट्रेलियाको असएड, डेनमार्कको डेनिडा र अमेरिकाको यू.एस.ए.आई.डि. को ध्यान यसतर्फ आकर्षित भयो। यी

दातृ राष्ट्रहरुले श्री ५ को सरकारलाई सुरुमा नेपालका पहाडी क्षेत्रहरुमा वृक्षारोपण गर्न सहयोग गरे र पछि बिस्तारै सा.व. विकासमा सहयोग पुऱ्याउन थाले ।

## सामुदायिक वनको सुरुआत

वनमा आश्रित जनताहरूलाई वेवास्ता गरेर कडा नीति नियम बनाउदैमा मात्र वन संरक्षण गर्न सकिँदोरहेनछ भन्ने कुरा सरकारी निकाय (कर्मचारीहरु) बाट महसुस भयो साथै वन योजना २०३३ बनाउँदा वनको व्यवस्थापनमा स्थानिय जनतालाई समावेश गराइनुपर्छ भन्ने कुरा नीतिगत रुपमा उल्लेख गरियो । केही मात्रामा जनताको सहभागिता गराउने सोंचले वन ऐन २०१८ को कानुनी व्यवस्थालाई समेट्दै सरकारले पंचायती वन र पंचायतद्धारा संरक्षित वन नियमावली २०३५ लागू गऱ्यो । जसले वन व्यवस्थापन गर्नको लागि पंचहरुलाई पूर्ण अधिकार प्रदान गऱ्यो र वन माथिको नियन्त्रण पञ्चहरुबाट हुन थाल्यो । राम्रो र गुणात्मक वन क्षेत्र पंचायतलाई संरक्षित वनको रुपमा हस्तान्तरण गरिएको थियो । जसमा पञ्चहरुको आदेश र निर्देशन अनुसार स्थानिय जनताले वनको व्यवस्थापन गर्नुपर्दथ्यो । यसबाट समुदायलाई केही फाइदा थिएन । यो समयमा देशका विभिन्न जिल्लाहरुमा सयौं पंचायती वनहरु स्थापना गरिए जसबाट संस्थागत रुपमा वन व्यवस्थापन गर्ने तौरतरिकाको थालनी भयो । तीब्र रुपले विनाश हुँदै गएको वनमा सुधार ल्याउनु सजिलो थिएन । यो प्रणालीले वनमा आश्रित जनसमुदायको सक्रिय सहभागितालाई ख्याल नगरी वन व्यवस्थापन गर्न खोजेकोले यो प्रयास सफल हुन सकेन फलरुवरुप वनको अवस्थामा सुधार आउन सकेन ।

## वन विकास गुरुयोजना

वनको तिब्र विनाश हुँदै गएको सङ्कटापूर्ण अवस्थामा आएर फिनिस सरकार र एसिएन विकास बैङ्क लगायत अरु दातृ समुदायहरुको भेलाले वन विकासका लागि बीस वर्षे गुरुयोजना बनाउन प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरे । यसरी अन्तर्राष्ट्रिय दातृसमुदाय र वन कर्मचारीहरुले विगतका वन संरक्षणका योजनााहरुलाई आलोचनात्मक रुपमा लेखाजोखा गरेर योजना बनाउने प्रकृयामा सहयोग पुऱ्याएका थिए । यो गुरुयोजनाले वनलाई सामाजिक, आर्थिक विकासको मेरुदण्डको रुपमा उल्लेख गरेको छ । यसैगरी वन विकास गुरुयोजनामा तत्कालिन अवस्थामा रहेको वनबाट आउने पैदावारले जनताको बढ्दो मागलाई धान्न नसक्ने कुरालाई उल्लेख गरेको छ । यसले वनको दिगो व्यवस्थापन गर्नको लागि निम्न चार ओटा आधारलाई प्रमुख रुपमा लिएको छ : क) जनताको आधारभूत आवश्यकताको परिपूर्ति ख) लाभांश र निर्णय प्रकृयामा समान सहभागिता ग) वन स्रोतको दिगो उपयोग घ) सामाजिक, आर्थिक विकासको लागि वन श्रोतको परिचालन ।

२०४५ सालको अन्त्यतिर वन मन्त्रालयबाट यो गुरुयोजना लागू गरियो र २०४६ मा प्रजातन्त्र पूर्नस्थापना पश्चात् बनेको बहुदलीय प्रजातान्त्रिक सरकारले यस योजनालाई आत्मसात गरी वन विकासको कार्यलाई अगाडि बढायो ।

२०४६ सालको परिवर्तन पश्चात् बनेको अन्तरिम सरकारलाई अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले पञ्चायती वनको अवधारणामा रही समुदायमा आधारित वन व्यवस्थापनको लागि स-साना समूहहरुमा परीक्षण गर्न सल्लाह दिए । सोही बमोजिम अन्तरिम सरकारले पनि यस्ता कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढायो ।

देशमा पञ्चायती शासन प्रणालीको अन्त्य भएपनि पञ्चायत व्यवस्थामा भएका केही नीति नियमहरुलाई अन्तरिम सरकारले पुनः लागू गर्न निर्देशन जारी गरे पनि स्थानीय जनतालाई उनीहरुकै छनौटमा स्थानीय संस्था मार्फत वन व्यवस्थापन गर्ने अधिकार प्रदान गऱ्यो । उदाहरणको लागि सो समयमा गरिएका दुई महत्वपूर्ण निर्णयहरुमा सामुदायिक संस्थाहरुलाई पञ्चायत/राजनैतिक

सीमाभन्दा पर गएर उपभोक्ता समूहको अवधारणालाई अपनाइयो र स्थानीय जनताहरुलाई आफ्नो समूहको अध्यक्ष चयन गर्न पाउने अधिकार प्रदान गरियो ।

## परिक्षण प्रकृया र आदान प्रदानको भूमिका

नेपालमा २०३५ देखि २०४६ को १२ वर्षको कार्यकाललाई परीक्षण प्रकृया र नीति नियम विश्लेषण गर्ने अवसरको रुपमा लिइन्छ । यसरी कार्य क्षेत्रबाट प्राप्त सिकाइहरु परियोजना-परियोजना र परियोजना-सरकार बीच भएका औपचारिक र अनौपचारिक छलफलहरुलाई राष्ट्रिय सा.व.को कार्यशाला गोष्ठी २०४४ देखि छलफल तथा अनुभव आदान प्रदान गर्न सुरुवात गरियो । यस गोष्ठीमा स्थानीय तहदेखि राष्ट्रिय तहसम्मका सबै कार्यकर्ताहरु सहभागी भएका थिए । सा.व.को दोस्रो कार्यशाला गोष्ठी (२०४९) मा उपभोक्ता समूहका विचार, धारणा, अनुभवहरुलाई पनि समेटिएको थियो । यसले २०४९ को वन ऐन र २०५१ को वन नियमावलीको निर्माणमा महत्वपूर्ण आधार प्रदान गऱ्यो । जुन सा.व.को इतिहासमा एउटा कोषेढुङ्गा सावित भएको छ ।

## दातृ समुदायको संलग्नता

नेपालमा सा.व. विकासको सुरुवातमा दातृसमुदायको महत्वपूर्ण योगदान रहेपनि यिनीहरुको सहभागिताले खासगरी २०५१ साल पछाडि सीमित मात्रामा सकारात्मक प्रभाव छाडन सफल भयो । दातृ संस्थाहरुले स्थानीय समुदायको जीविकोपार्जनदेखि लिएर सा.व.को नीति निर्माण तहसम्म सहयोग पुऱ्याइरहेका छन् । विगत तीन दशकदेखि नेपालको वन क्षेत्रमा सुधार ल्याउन संस्थागत र मानव विकासमा ठूलो मात्रामा आर्थिक सहयोग पुऱ्याउदै आएका छन् । तर स्थानीय समुदाय र गैर सरकारी संस्थाको संस्थागत क्षमताको विकास गर्ने प्रयास सीमित मात्र भएको पाइन्छ ।

दातृ समुदायहरुले सा.व. को क्षेत्रमा सरकारी नीतिको सकारात्मक नियमको परिवर्तन गराउन सहयोग पुऱ्याउनको सट्टा जनतालाई राहतमुखी काममा मात्र सहयोग गरेकाले धेरै मानिसहरु परियोजनामुखी भएको पाइन्छ । उदाहरणको लागि धेरै युवाहरु आफै काम रचना गर्न वा वन राजनीतिमा लाग्नु भन्दा परियोजनामा जागिर खान चाहान्छन् ।

दातृ समुदायको यो रणनीतिले बारम्बार सरकार र जनता बीचमा शासक-शासित सम्बन्धलाई नै बढावा दिदैं आएको छ । सरकारी निर्णयहरु विशेष गरी गरिब तथा पाखा लगाईएकाहरुको पहुँच भन्दा धेरै टाढा छन् त्यसैले दातृ समुदायले सरकारका नीति परिवर्तन गराउनमा महत्वपूर्ण भूमिका खेल्नु सक्नपर्दथ्यो । नेपालमा दाताहरुवाट संचालित वन परियोजनाहरुलाई नजिकवाट हेर्दा के तर्क गर्न सकिन्छ भने दातृ समुदायले नेपालको नागरिक समाजलाई जागिरका नाममा आकर्षण मात्र प्रदान गरेका छन् । वन विभागले दाताहरुबाटै सञ्चालित संस्थागत क्षमता अभिवृद्धि गर्न विभिन्न कामहरु गरेको भन्ने कुराहरु शङ्का गर्न लायक देखिन्छन् किनभने दाताहरुबाटै उठाइएका केही नीति नियमहरु जुन उद्देश्य राखेर सुरु गरियो सो पनि प्राप्त हुन सकेको देखिदैन् । उदाहरणको लागि सा.व. व्यवस्थापनमा सहयोग पुऱ्याउदै आएका सामूदायिक संस्थाको विकासलाई लिन सकिन्छ ।

## नागरिक समाज

२०४६ सालको बहुदलीय प्रजातन्त्रको उदय भई नेपाली समाजमा स्वतन्त्रता र बहुलवादले प्रवेश पाउने वातावरण सिर्जना भएपनि कानुन बनाउने भूमिकामा भने अझैपनि नेपाली समाजमा सचेतताको अभाव नै भएको देखिन्छ । तर अहिलेसम्म पनि नागरिक समाजले कस्तो भूमिका खेल्ने भन्ने कुनै वैधानिकता छैन र कस्तो हुनुपर्ने भन्ने आम सहमति पनि भएको छैन् । खासगरी वन क्षेत्रमा नागरिक समाजको कस्तो भूमिका रहने भन्ने सम्बन्धमा विवाद नै छ किनभने स्वयम् राज्य वा

वन मन्त्रालय र यस अन्तर्गतका संस्थाहरु नै वन व्यवस्थापनका निर्माता, व्यवस्थापक र सहजकर्ता हुँदै आएका छन् । जब गैर सरकारी संस्थाहरु स्रोतका लागि सिधै दाताहरुसंग मित्रता गर्दछन् तब त्यहाँ भोलि यसको उत्तरदायि को हुने भन्ने प्रश्न आउँछ । साङ्गठनिक नागरिक समाजको इतिहास हेर्ने हो भने एक दशक पनि पुगेको छैन । खासगरी नेपालमा प्रजातन्त्रको पुनः स्थापना पश्चात् गैर सरकारी संस्थाहरु धेरै खुलेपनि वन क्षेत्र खासगरी सामूदायिक वनमा २०५१ साल पछाडि सा.व. उपभोक्ता समूह लगायत अरु वन क्षेत्रमा केन्द्रित गैर सरकारी संस्थाहरुको स्थापना पछि वन क्षेत्रमा एउटा बलियो नागरिक बल देखिएको छ । जसले वनसँग सम्बन्धित नीति नियम र सा.व. मा भइरहेका अभ्यासहरुमा केही आधारभूत वैधानिक ठाँउहरुमा काम गर्न पाउने वातावरण पाएपनि औपचारिक रुपमा काम गर्न राज्यको नीति नियम, ढाँचाले नगन्य ठाँउ मात्र दिएको छ । उदाहरणको लागि वन क्षेत्र संयोजन समितिलाई लिन सकिन्छ जुन श्री ५ को सरकार र दाताहरुको माथिल्लो स्तरकै चौतारी जस्तो भएको छ जसले नेपालको वन विकास क्षेत्रलाई चलाउँदछ । अर्को ज्वलन्त उदाहरण के हो भने १२,००० भन्दा बढी उपभोक्ता समूहहरुलाई वन स्रोत आकलन गर्न प्राविधिकको सहयोग आवश्यक छ । यो कार्यमा सरकारी वन कर्मचारीहरु मात्रै पर्याप्त र सक्षम देखिदैनन् । यति हुँदा हुँदै पनि सक्षम र सेवा प्रदान गर्न कटिबद्ध गैर सरकारी संस्थाहरुलाई बेवास्ता गरिएको छ ।

## अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको परिचय

अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (अ.गै.स.स.) हरु नेपालको वन क्षेत्रका महत्वपूर्ण कर्ता हुन् । राजनैतिक तह र तिनीहरुको अवधारणालाई नियाल्दा कम्तिमा तीन तरिकाबाट अ.गै.स.स.हरुलाई हेर्न सकिन्छ ।

अ.गै.स.स.हरुको एक खेमा उपभोक्ता महासङ्घ लगायतका नागरिक समाजलाई प्रतिनिधित्व गर्ने संस्थाहरुसंग नजिक छन् । यिनीहरु वन अधिकार र व्यवस्थापनमा स्थानीय वन उपभोक्ताहरुको अधिकार सम्बन्धमा वकालत गर्दछन् । यी मित्रहरुले केही वर्षदेखि दर्जनौ स्थानीय समूहहरु र जनताहरुलाई परिचालन गर्दै आएका छन् । विशेषगरी तराईमा सरकारद्धारा जारी गरिएका जनता प्रति सकारात्मक नभएका निति नियमहरु प्रति प्रश्न गर्न जन वकालत गर्न सहयोग गरेका छन् ।

दोस्रो खाले अ.गै.स.स. हरु सरकारसँग बढी नजिक छन् तथा वन विकासका प्राविधिक पक्षलाई बढी जोड दिन्छन् जस्तो वन स्रोत आकलन, वन व्यवस्थापन आदि । यिनीहरु स्रोत व्यवस्थापनलाई मुख्यतया प्राविधिक र गैर राजनैतिक प्रकृयाको रुपमा लिन्छन् । वन स्रोत माथिको शासनलाई आलोचनात्मक संवादद्धारा अगाडि बढाउनु पर्छ भन्ने कुरा स्वीकार गर्दैनन् । यिनीहरुमा ठूल्ठूला अ.गै.स.स. हरु जस्तो विश्व वन्यजन्तु संरक्षण कोष, विश्व संरक्षण सङ्घ (आई.यू.सि.एन.) नेपाल र सरकार तथा दिपक्षिय परियोजनाबाट संचालित स्थानीय स्तरका साना गैर सरकारी संस्थाहरु पर्दछन् । तेस्रो खेमामा पर्ने अ.गै.स.स.हरु माथि उल्लेख गरिएका दुई खाले संस्थाहरुको बीचको बाटो अंगाल्दछन् । यस्ता संस्थाहरु आफ्नो कार्यलाई राजनैतिक संसारबाट नियालेर आफ्नो कामलाई मार्गनिर्देशन गर्नुको सट्टा आफ्नो अस्तित्व कसरी जोगाइराख्ने भन्नेमा बढी ध्यान दिन्छन् । यिनीहरु अक्सर बजार केन्द्रित हुन्छन् र सोही अनुसार सेवा प्रदान गर्ने क्षेत्रमा सीमित हुन्छन् ।

बहुदलीय व्यवस्थाको पुनर्स्थापना पश्चात् निर्वाचित पहिलो संसदले वन ऐन २०४९ ल्यायो । जसले सा.व.उपभोक्ता समूहलाई एउटा स्वः शासित संङ्गठित संस्थाको रुपमा पहिचान गरायो र सा.व. बाट आउने फाइदा उपभोग गर्न सत्प्रतिशत अधिकार प्रदान गऱ्यो । यो ऐन २०५१ को वन नियमावलीबाट कार्यान्वयनमा ल्याइयो । यस्तो समूहको बलियो वैधानिक आधार भएको नीति अन्तर्गत सा.व. को कार्यान्वयन हुन लागेपनि जनताको जीविकोपार्जनमा यसले सिमित प्रभाव मात्र छाड्यो । गाउँका टाठाबाठा धनीमानी वर्गहरुले सरकारी कर्मचारीसँग नजिक रहेर निर्णय लिने र वनबाट प्राप्त

फाइदाहरु उनीहरुले नै हात पार्न थाले । अहिले दोस्रो पुस्ताको सवालका रुपमा रहेका सा.व व्यवस्थापनमा गरिबको पहुँच तथा नियन्त्रण एउटा बहसको विषय भएपनि यसलाई नीति नियमको रुपमा सुधार्न वन मन्त्रालयले कुनै उत्सुकता देखाएको छैन् ।

केही स्थानीय तहमा गरिएका नविन अभ्यासहरुमा नागरिक समाज र यससँग सम्बन्धित संस्थाहरुको सहयोगबाट सञ्चालित केही सा.व.उपभोक्ता समूहहरुले गरिब घरधुरीलाई न्यायोचित पहुँच स्थापना गर्न विभिन्न तरिकाहरुवाट काम गर्दै आएका छन् । यस्ता कार्यक्रम अन्तर्गत नगदेवाली लगाउन सा.व. भित्रका साना साना टुक्राहरु उपलब्ध गराउने, कोष बढाउने, थोरै ब्याजमा ऋृण प्रदान गने, चेतना र क्षमता अभिवृद्धि सम्बन्धि कृयाकलापहरु गर्ने, वन पैदावार सङ्कलनमा थोरै मात्र रकम तिराउने र वन व्यवस्थापन कृयाकलापहरुमा थोरै लगानी आदि गर्न थालेका छन् । यी सुरुवात गरिएका कृयाकलापहरु साना र फाट्टफुट्ट रुपमा धेरैतिर छरिएर रहेपनि यिनले वनको न्यायोचित व्यवस्थापन गर्न सुरु गरिएको सङ्केत गर्दछन् ।

न्यायोचित प्रणाली स्थापना तथा वृद्धि गर्नु एक राजनैतिक प्रकृया हो । जसमा शक्ति र फाइदामा पुनर्वितरण गरिनुपर्छ । यसको लागि बिस्तृत रुपमा सामाजिक र राजनैतिक प्रकृयाहरुको ज्ञान हुनु जरुरी हुन्छ र साथै कसले प्रत्यक्ष र अप्रत्क्षय फाइदा दिन्छन् र किन भन्ने कुरा पनि समावेश गरिनुपर्छ । हाम्रो वन प्रशासनले अहिलेसम्म पनि नीति नियमहरु बनाउदा गरिब तथा विपन्नहरु (उपभोक्ता) को प्रशस्त विश्लेषण र परामर्श नलिइकन नै गर्ने गरेको पाइन्छ । उदाहरणको लागि स्रोतमा गरिबहरुको पहुँच बढाउन सहज कार्य गर्नुको सट्टा सा.व.बाट आएको आम्दानी मध्येमा वन पैदावारमा ४० प्रतिशत कर लगाउनु र वन कर्मचारीहरुले अझैपनि वन स्रोत माथिको औपचारिक र अनौपचारिक नियन्त्रण आफूभित्रै रहेको वकालत गर्नुलाई लिन सकिन्छ ।

## विकेन्द्रीकरण विकास प्रणाली

२०४७ सालको राजनैतिक परिवर्तन पछाडि केन्द्रीय अधिकार स्थानीय तहमा रुपान्तरित हुने क्रम बढदै गएको देखिन्छ । यो क्रम सामान्यतया: स्वायत्त शासन ऐन २०५५ लागू भएपछि जिल्ला विकास समिति र गाउँ विकास समितिले विकास कार्यमा क्रमश: प्रभावकारी भूमिका खेल्दै आएकोबाट प्रष्ट हुन्छ । यी सरकारी निकायहरुको नेतृत्व हरेक पाँच पाँच वर्षमा निर्वाचनद्वारा निर्धारण गरिन्छ । वर्तमान वन ऐनमा स्थानीय सरकारी निकाय र वन उपभोक्ता समूह बीचमा वन व्यवस्थापनको अधिकार र उत्तरदायित्वको भूमिका एक महत्वपूर्ण सवालको रुपमा रहिआएको छ । तर व्यवहारमा भने वन नियन्त्रणको अधिकार को माथि हुने भन्ने बारेमा यी दुई संस्थाहरु बीचमा पहिलेदेखि नै मतभेद रहदै आएको पाइन्छ । उदाहरणको लागि विद्यमान रुपमा रहेको सा.व. व्यवस्थापन नीति र अहिले भर्खरै ल्याइएको साझेदारी वन व्यवस्थापनको नीतिलाई लिन सकिन्छ ।

## अस्थिर नीति नियम

वन तथा भू-संरक्षण मन्त्रालयले वन ऐन २०४९ लाई संसोधन गरी वि.सं. २०५३ सालमा सा.व.उपभोक्ता समूह माथिको सम्पूर्ण क्रियाकलापहरुलाई नियन्त्रण गर्न जिल्ला वन अधिकृतलाई अधिकार प्रदान गरेबाट श्री ५ को सरकार विकेन्द्रीकरणको नीति विपरित गएको देखिन्छ । उदाहरणको लागि वन पैदावारमा ल्याइएको ४० प्रतिशत करलाई लिन सकिन्छ । यस्तो निर्णय सामुदायिक उपभोक्ता महासङ्घ लगायतका केही गैर सरकारी संस्थाहरु र वन मन्त्रालय बीच संघर्ष चर्केको बेला ल्याइएको थियो । यसले के देखाउँछ भने सरकार वन उपभोक्तासँग राम्रो सम्बन्ध राख्नु पर्ने महत्वपूर्ण सरोकारवाला भएर पनि वन उपभोक्तासँगको सम्बन्धमा अलि अलमलिएको जस्तो देखिन्छ । उदाहरणको लागि सरकार वन व्यवस्थापनको सम्पूर्ण जिम्मा समुदायलाई सुम्पने कि माथिल्लो

निकायबाटै नियन्त्रण गर्ने भन्ने कुरामा अल्भ्केको जस्तो देखिन्छ जसले समुदाय र सरकारी दुवै तहमा वन व्यवस्थापनको क्षेत्रमा अलमल ल्याएको छ ।

## बजार र व्यवसाय

गैर काष्ठ वन पैदावारको बढ्दो बजार मागले विभिन्न सरोकारवाला व्यवसायिक समूहहरुलाई उत्पादनदेखी उपभोगसम्म विभिन्न तहमा अवसर प्रदान गरेको छ । गैर काष्ठ वन पैदावारको व्यापारमा स्थानीय स्तरका गरिब सङ्कलनकर्तादेखि समुदायका स्थानीय व्यापारी, व्यवसायी, उत्पादनकर्ता तथा निर्यातकर्ताहरु रहने गरेका छन् । विभिन्न अध्ययनहरुले के देखाएको छ भने बजारको अव्यवस्थित अवस्था, स्थानीय स्तरका सङ्कलनकर्ताहरुले तुलनात्मक रुपमा अरु व्यापारीहरु भन्दा निकै थोरै मात्र फाइदा पाउनु बजार संरचना व्यवस्थित नहुनु, कडा नीति नियम हुनु, जटिल सामाजिक आर्थिक संरचना नै प्रमुख रुपमा पर्दछन् । तर यी विभिन्न कुराहरुको ज्ञान हुँदा हुँदै पनि अहिलेसम्म जीविकोपार्जनको लागि वन स्रोतमा भर पर्ने गरिबहरुप्रति लक्षित गरेर बजार व्यवस्थापन गर्न सकिएको छैन ।

## सामुदायिक वनको भावी रणनीति

वन ऐन २०४९ ले समुदायलाई वन स्रोत माथि नियन्त्रण तथा पहुँच रहने कानुनी अधिकार दिएपनि जीविकोपार्जनमा सीमित प्रभाव मात्र छाडेको पाइन्छ । यसलाई प्रभावकारी रुपमा बढाउदै लैजान विभिन्न निकायहरु जस्तैः सरकारी, नागरिक समाज र दातृ संस्थाहरुको भूमिकाको महत्वलाई आलोचनात्मक ढङ्गले बहस तथा छलफल गरी अगाडि बढ्नु पर्ने देखिन्छ । यसै सन्दर्भमा एउटा महत्वपूर्ण कुरा के छ भने जनतालाई सेवा प्रदान गर्ने भूमिका अब नागरिक समाज र साना निजी क्षेत्रले लिनु पर्ने देखिन्छ । तर सरकारी निकायले जस्तो नीति नियम पनि लागू गर्ने र सेवा पनि प्रदान गर्ने गरी दोहोरो भूमिका निर्वाह गर्न पट्टि भने लाग्नुहुँदैन् । अहिले आएर समाजका गरिब र पछाडि पारिएका वर्गप्रति विद्यमान असमानता हटाउने र आलोचनात्मक सचेतना बढाउने जस्ता कुराहरु सरकारी र दातृ संस्थाहरुको संरचनाबाट प्रायः संभव देखिदैन । त्यसकारण स्पष्ट रुपमा गैर सरकारी संस्था लगायतका संस्थाहरुको भूमिकामा पुनः परिभाषित गर्नु पर्ने जरुरी देखिन्छ । यो एउटा राजनैतिक जटिल प्रक्रिया हो जसमा विभिन्न मत मतान्तर हुन सक्छन् । तर यस कार्यमा राम्ररी विचार गरी सबैलाई समेटी अगाडि बढ्दा लक्ष्यमा पुग्न सकिने नै देखिन्छ ।

(लेखक फरेष्टएक्सनमा कार्यरत हुनुहुन्छ ।)